# आ.ब. ०७८/०७९ को वार्षिक समिक्षा कार्यक्रमको प्रतिवेदन-२०७९

रुरुक्षेत्र गाउँपालिकाको कार्यालय

बलेटक्सार गुल्मी

आ.व. २०७८/७९

# रुरुक्षेत्र गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# बलेटक्सार, गुल्मी

## आ.ब. ०७८/०७९ को वार्षिक समिक्षा कार्यक्रमको प्रतिवेदन-२०७९

१. परिचयः

गुल्मी जिल्लाको पूर्वी भेगमा रहेको कालीगण्डकीको तटीय क्षेत्रमा रुरुक्षेत्र गाँउपालिका अवस्थित छ। २०७२ असोज ३ मा जारी नेपालको संविधान अनुसार नेपाल सरकारबाट २०७३ फागुन २७ मा स्थानीय तहको रुपमा रुरुक्षेत्र गाँउपालिकाको घोषणा भएको हो। यस रुरुक्षेत्र गाँउपालिकामा ६ वटा वडाहरु रहेका छन्। गाँउपालिका बन्नुभन्दा पहिले गाँउ विकास समितिकों रुपमा रहेका रुरु, ग्वादी, थानपति, बलेटक्सार, बम्घा र रिमुवा क्रमश रुरुक्षेत्र गाँउपालिकाको १,२,३,४,५ र ६ नं वडाहरु बनेका हुन्। नेपालको प्रसिद्ध चार धाम मध्ये रुरुधाम यस रुरुक्षेत्र गाँउपालिकामा रहेकोले त्यसैको नामवाट यस गाँउपालिकाको नाम रहन गएको हो।

२. कार्यक्रमको परिचय तथा पृष्ठभुमीः

यस रुरुक्षेत्र गाउँपालिकाका विभिन्न शाखा तथा इकाइबाट आर्थिक वर्ष २०७८/०७९ मा के कति काम भए, बजेट खर्चको कार्यान्वयनको अवस्था के छ, आर्थिक, भौतिक प्रगति के कति रहेको छ भन्ने बारेमा अघिल्लो आर्थिक वर्षको आँकडा सहित तुलनात्मक रुपमा प्रत्येक वडा, शाखा तथा इकाइबाट शाखा प्रमुख /इकाइ प्रमुखले प्रोजेक्टरको माध्यमबाट प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षहरु, कार्यपालिका सदस्य र प्रमुख प्रशासकीय अधिकृत सहित गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु र स्थानीय पत्रकारहरुको उपस्थितिमा कार्यक्रम गरिएको थियो ।

उक्त कार्यक्रममा अध्यक्ष सँग प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षहरुले वार्षिक कार्य सम्पादन सम्झौता गर्नुभएको थियो भने प्रमुख प्रशासकीय अधिकृत सँग सम्पूर्ण शाखा तथा इकाइ प्रमुखहरुले वार्षिक कार्य सम्पादन सम्झौता गर्नुभएको थियो ।

CamScanner

साथै प्रत्येक वडा कार्यालय, शाखा तथा इकाइबाट आगामि आ.ब. ०७९/८० मा गर्नुपर्ने कार्यक्रममहरुको योजना समेत प्रस्तुत गरिएको थियो ।

### ३. कार्यक्रमको लक्ष्य र उद्देश्यः

गाउँपालिकाको कार्यप्रगति पालिकाभित्रका जनताले अनुभव गर्नेगरी हुनुपर्छ भन्ने मान्यता सहित अगाडि बढिरहेको यस गाउँपालिकाले गर्ने हरेक कार्यहरु तथ्य सँगत हुनुपर्छ लक्ष्यका साथ तय गरिएको उक्त कार्यक्रमका उद्धेश्यहरु निम्न रहेका छन् ।

निम्न :

- अघिल्लो वार्षिक समिक्षामा प्रस्तुत गरिएको आँकडालाई यस वर्षको आँकडा सँग तुलनात्मक रुपमा प्रस्तुत गरी वार्षिक कार्यप्रगति प्रस्तुत गर्ने ।
- कर्मचारीलाई जिम्मेवारीबोध गराउने ।
- वजेट कार्यान्वयनको अवस्था, समय, खर्च प्रतिशत समेत तथ्यगत रुपमा पत्ता लगाउनु ।
- अध्यक्ष सँग प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षहरुले वार्षिक कार्य सम्पादन सम्झौता गर्ने ।
- प्रमुख प्रशासकीय अधिकृत सँग सम्पूर्ण शाखा तथा इकाइ प्रमुखहरु र वडा सचिवहरुले वार्षिक कार्य सम्पादन सम्झौता गर्ने ।
- गाउँपालिकाको समग्र आर्थिक, भौतिक प्रगति तथ्यसंगत ढंगबाट पत्ता लगाउनु ।
- प्रत्येक शाखा तथा इकाइबाट आगामि आ.ब. ०७९/८० मा गर्नुपर्ने कार्यक्रमहरुको योजना समेत प्रस्तुत गर्ने ।

### ४. कार्यक्रमले समेटेको लक्षित समुहः

गाउँपालिकाका जनप्रतिनिधी तथा कर्मचारीहरु

**५. कार्यक्रम सञ्चालन भएको मिति र समयः** मिति २०७९/०४/२० गते ।

६. वार्षिक प्रगति प्रस्तुत गर्ने शाखा तथा इकाइ र कर्मचारीहरु :

| क्र.सं. | शाखा/इकाइको नाम | प्रस्तुत गर्ने कर्मचारीको नाम | पद |
|---|---|---|---|
| १ | पालिकाको समग्र | मधुकृष्ण पौड्याल | प्र.प्र.अ. |
| २. | प्रशासन/जिन्सी | राम प्रसाद ज्ञवाली | सहायक पाँचौं |
| ३. | पूर्वाधार विकास | मिलन श्रेष्ठ | इन्जिनियर |
| ४. | योजना | रुद्रहरी पुरी | सहायक |
| ५. | महिला बालबालिका तथा समाज कल्याण/न्यायिक | मुना पचभैया | सहायक |
| ६. | शिक्षा | तेज बहादुर कुमाल | प्रा.स. |
| ७. | स्वास्थ्य | छत्र बहादुर अधिकारी | ज.स्वा.नि. |
| ८. | सूचना प्रविधि | ईश्वरी न्यौपाने | सू.प्र.अ. |
| ९. | व्यवसाय दर्ता/नविकरण, सहकारी | दामोदर ज्ञवाली | क.अ. |
| १०. | प्रधानमन्त्री रोजगार | विष्णु बहादुर रेश्मी | रोजगार संयोजक |
| ११. | आयुर्वेद | नन्द बहादुर गेलाङ्ग | कविराज निरिक्षक |
| १२ | कृषि | पवित्रा गौतम | ना.प्रा.स. |
| १३ | पशु | अमित ज्ञवाली | पशु विकास अधिकृत |
| १४. | आर्थिक प्रशासन | मनिष पाण्डे | लेखा अधिकृत |
| १५ | सामाजिक विकास | शालिकराम पौडेल | अधिकृत छैठौं |
| १६. | लघुउद्धम विकास | अन्जना अर्याल | उ.वि.स. |
| १७. | आन्तरिक लेखा परिक्षण | युवराज के.सी. | आ.ले.प. |
| १८. | पन्जिकरण | सिता ज्ञवाली भण्डारी | एम.आइएस अपरेटर |
|  |  | राम प्रसाद ज्ञवाली | वडा सचिव |
| १९ | वडा नं.१ | बेद बहादुर कुँवर | वडा सचिव |
| २० | वडा नं.२ | बालकृष्ण गौतम | वडा सचिव |
| २१ | वडा नं.३ | डिल्लीराज ज्ञवाली | वडा सचिव |
| २२ | वडा नं.४ | गोविन्द प्रसाद पौडेल | वडा सचिव |
| २३ | वडा नं.५ | हरि प्रसाद न्यौपाने | वडा सचिव |
| २४ | वडा नं.६ |  |  |

CamScanner

**७. सहभागीहरु :**

गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षहरु, कार्यपालिका सदस्य र प्रमुख प्रशासकीय अधिकृत सहित गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु र स्थानीय पत्रकारहरुको सहभागिता रहेको थियो ।

**८. उपलब्धी**

- गाउँपालिकामा १ वर्षभरीमा भएका कार्यहरुको जानकारी प्राप्त भएको थियो ।
- प्रगति भाषामा नभइ तथ्यांकमा प्राप्त गरिएको थियो ।
- अघिल्लो आ.ब. सँग तुलना गर्दा वास्तविक प्रगति प्राप्त भएको थियो ।
- कार्यक्रममले बजेट कार्यान्वयनको स्थिति, कार्यक्रम सञ्चालन गरिएको समय, आर्थिक प्रगति, भौतिक प्रगति लगायतका विभिन्न पक्षहरुको जानकारी प्रदान गरिएको थियो ।
- आगामी आ.व.मा गर्ने कार्यक्रमहरुको योजना बारेमा प्रष्ट जानकारी प्राप्त भएको थियो ।

## ९. सल्लाह सुझाव:

- प्रत्येक चौमासिकको अन्त्यमा हरेक चौमासिकमा सम्पादन भएका कार्यहरुको प्रगति समिक्षा गर्नुपर्ने देखिन्छ ।

| | | |
|---|---|---|
| **तयार गर्ने** | **पेश गर्ने** | **प्रमाणित गर्ने** |
| **दामोदर ज्ञवाली** | **राम प्रसाद ज्ञवाली** | **मधुकृष्ण पौड्याल** |
| **क.अ.** | **सहायक पाँचौं** | **प्रमुख प्रशासकीय अधिकृत** |

CamScanner